# इन फोकस

## मासिक न्यूजलेटर

अंक ४८। अक्टोबर, २०२५

## एसवाई प्यानल नेपालको आईपीओमा ६ गुणाभन्दा बढी आवेदन , कात्तिक ३० गते बाँडफाँट




कात्तिक १९ देखि २३ गतेसम्म सर्वसाधारणका लागि निष्कासन गरिएको आईपीओमा ६ गुणाभन्दा बढी आवेदन परेको छ । कुल २१ लाख २९ हजार ७१५ लगानीकर्ताले २ करोड ४६ लाख ३२ हजार ६३० कित्ता शेयरका लागि आवेदन दिएका छन्, जुन उपलब्ध शेयरभन्दा ६ गुणाभन्दा बढी हो । यस चरणमा सर्वसाधारणका लागि ४० लाख ७६ हजार १५६ कित्ता शेयर निष्कासन गरिएको थियो । अत्यधिक आवेदन परेकाले करिब ४ लाख ७ हजार ६१५ जनाले मात्र शेयर पाउन सक्नेछन् ।

सर्वसाधारणको लागि आईपीओ खुल्नु अघि नै उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दा र वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि छुट्याइएको सेयर बाँडफाँट भइसकेको छ । वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि आवेदन असोज ७ देखि १० गतेसम्म लिइएको र बाँडफाँट असोज २३ गते सम्पन्न भएको थियो भने उद्योग प्रभावित स्थानीयका लागि आवेदन असोज ७ देखि २१ गतेसम्म लिइएको र बाँडफाँट कात्तिक २ गते सम्पन्न भएको थियो ।

नेपाल धितोपत्र बोर्ड (सेबोन) ले कम्पनीलाई जारी पूँजी १ अर्ब ३० करोड ८९ लाख ३७ हजार १०० रुपैयाँको ४० प्रतिशत बराबर, अर्थात ५२ लाख ३२ हजार ५४८ कित्ता शेयर निष्कासन गर्न अनुमति दिएको थियो। त्यसअनुसार पहिलो चरणमा उद्योग प्रभावित स्थानीयका लागि २ लाख ६१ हजार ६२९ कित्ता र वैदेशिक रोजगारीतर्फ ४ लाख ९७ हजार ९२ कित्ता शेयर निष्कासन गरिएको थियो । अब सर्वसाधारणका लागि बाँडफाँट कात्तिक ३० गते आइतबार हुनेछ ।

## एसवाई प्यानल र कन्टेनर हाउस: नेपालमा छिटो, किफायती र बहुउपयोगी संरचनाको नयाँ विकल्प



नेपालमा छिटो, सुरक्षित र किफायती संरचना निर्माण गर्ने प्रवृत्ति बढ्दै गएका बेला एसवाई प्यानलबाट बनेका कन्टेनर घर प्रभावकारी समाधानका रूपमा तीव्र रूपमा लोकप्रिय बन्दै गएका छन् । भौगोलिक विविधता, आपतकालीन आवश्यकता, पर्यटनको सम्भावना र सारेर लैजान सकिने सुविधाका कारण कन्टेनर घर नेपालका धेरै क्षेत्रमा उपयुक्त देखिन्छ ।



कन्टेनर घरको सबैभन्दा ठूलो विशेषता जहाँ पनि सजिलै लैजान सकिने क्षमता हो । यसलाई सवारीमार्फत सारेर नयाँ स्थानमा तुरुन्तै राख्न सकिने भएकाले ठूलो मेला-पर्व चल्दा संरचना बनाउन, पसल राख्न, गोदाम तयार गर्न वा सेवाकेन्द्र सञ्चालन गर्न धेरै नै उपयोगी हुन्छ ।



नेपालका पर्यटकीय क्षेत्रहरूमा कन्टेनर घरलाई आवास, विश्राम गृह, क्याफे, रेस्टुरेन्ट, छोटो उद्देश्यका भवनका रूपमा स्थापना गर्न सकिन्छ । छिटो बन्ने, कम खर्च लाग्ने, आधुनिक देखिने र तापक्रम सन्तुलन राख्ने क्षमता भएकाले पर्यटन व्यवसायका लगानीकर्तालाई कन्टेनर घर उपयुक्त विकल्प हुन्छ ।



आपतकालीन अवस्थामा–जस्तै बाढी, पहिरो, भूकम्पपछि तत्काले बसोबास, उपचार सेवा, राहत वितरण केन्द्र वा कार्य सञ्चालन केन्द्र बनाउन कन्टेनर घर अत्यन्तै प्रभावकारी हुन्छ । यसलाई केही घण्टामा सारेर सुरक्षित ठाउँमा राखेर आवश्यक सेवा प्रदान गर्न सकिन्छ ।



एसवाई प्यानलबाट बनेका कन्टेनर घरमा गर्मी-चिसो दुवैबाट सुरक्षादिने उच्च गुणस्तरको इन्सुलेसन प्रयोग गरिएको हुन्छ । बाहिरी तापक्रम कति भए पनि भित्री हिस्सा सन्तुलित रहन्छ, जसले तराईको तातो मौसमदेखि हिमाली चिसोसम्म सबै स्थानमा बस्न सहज बनाउँछ । प्यानलको मोटाइ तथा कन्टेनर घरको आकार अनुसार निर्माण लागत फरक-फरक पर्छ । नेपालमा छिटो निर्माण, सुरक्षित बसोबास र बहुउपयोगी संरचनाको खोजी गर्नेहरूका लागि एसवाई प्यानलबाट बनेका कन्टेनर घर एक आधुनिक, भरपर्दो र दीगो विकल्प सावित भईरहेका छन् ।

# २ रोपनी क्षेत्रफलमा ३ तले फ्याक्ट्री निर्माण



ललितपुरको छम्पीस्थित करिब २ रोपनी क्षेत्रफलमा एसवाई प्यानल प्रयोग गर्दै ३ तले फ्याक्ट्री निर्माण गरिएको छ । एसवाई प्यानलबाट औद्योगिक संरचना निर्माण सम्भव छ भन्ने पुष्टि गर्दै यो परियोजना एक उदाहरणीय मोडेल बनेको छ ।



छम्पीमा निर्मित "पुर्न" फ्याक्ट्री करिब २ रोपनी क्षेत्रमा फैलिएको छ । ह्याण्डमेड उत्पादन हुने यो फ्याक्ट्री विदेशी लगानीमा स्थापना भएको हो । फ्याक्ट्री म्यानेजरले जानकारी दिनुभयो । प्यानलबाट घर, कार्यालयजस्ता सामान्य भवन मात्र होइन, ठूला उद्योग निर्माण पनि प्रभावकारी रूपमा गर्न सकिने प्रमाणका रूपमा यो फ्याक्ट्री उदाहरणीय बनेको छ । आरपी प्याटर्नमा पफ प्यानल प्रयोग गरी बनेको ३ तले यो संरचना बाहिरबाट जति आकर्षक देखिन्छ, भित्र पनि त्यति नै विशाल, आधुनिक र व्यवस्थित छ ।यस फ्याक्ट्रीमा करिब४०० जना कार्यरत छन्।

वातावरणमैत्री, भूकम्प प्रतिरोधात्मक , छिटो निर्माण , तापक्रम सन्तुलन र आधुनिक रूपरङ्गका कारण एसवाई प्यानल रोजिएको म्यानेजरले बताउनुभयो ।



उहाँका अनुसार, "एसवाई प्यानलले अन्य सामग्रीको तुलनामा संरचना छिटो निर्माण गर्न मद्दत गर्यो । यसको इन्सुलेसन उच्च भएकाले भित्रको तापक्रम स्थिर रहन्छ । धेरै वर्षसम्म अतिरिक्त रङ्गको आवश्यकता पर्दैन र सफा तथा आकर्षक देखिन्छ। यस्ता विशेषताका कारण निर्माण लागत पनि कम रह्यो, टिकाउपन बढी भयो ।" मेटल स्ट्रक्चरमा बनेको यो फ्याक्ट्रीले औद्योगिक संरचना निर्माणमा प्यानल प्रविधि प्रयोग गर्न सकिने सम्भावना र प्रभावकारिता थप मजबुत बनाएको छ।

## घर निर्माणमा रुचि देखाउनुभएका व्यक्तिहरुको सूची

| S.N. | Name | Address | Project |
|---|---|---|---|
| 1 | Padam Bahadur Karki | Itahari | House |
| 2 | Babin Bista | Kathmandu | Cold Store |
| 3 | Krishna Mahara | Bhaktapur | Extension |
| 4 | Santosh Gurung | Manang | Hydropower |
| 5 | Hari Kumar Yadav | Dang | House |
| 6 | Sonu Agrawal | Dharan | House |
| 7 | Narendra Karki | Lalitpur | House |
| 8 | Shova Thapa | Kathmandu | House |
| 9 | Sarita Kunwar | Kathmandu | Extension |
| 10 | Bishnu Bhandari | Kathmandu | House |
| 11 | Laxman | Butwal | House |
| 12 | Shashi Thapa | Nepalgunj | House |
| 13 | Arjun Patel | Malangwa | House |
| 14 | Nawang Zimba Yatra | Kathmandu | Extension |
| 15 | Nembang Baadal | Kathmandu | Home Stay |

SY Panel Nepal Limited

सुविधानगर, तिनकुने, काठमाडौं
**फोन:** ०१ - ४१११७०४, ०१-५९२९३४५

## कारखाना

रत्ननगर १४, पिठुवा, चितवन
**फोन:** ०५६ - ५६०२७४, ५६०६४४

## मार्केटिङ

(निर्देशक) शशी साह : ९८५१३३८३२६
(निर्देशक) दिपक लुङ्गेली : ९८५१३३८३५२
(निर्देशक) अविरल जिम्बा : ९८५१३३८३५१
(निर्देशक) अनिल सापकोटा : ९८५१३३८३२९ (चितवन)
(सब इन्जिनियर) राम काजी तामाङ : ९८४४२०४०४०
(मार्केटिङ अफिसर) रुजन कोजु : ९८५१३३८३५४
(सेल्स अफिसर) रविन श्रेष्ठ : ९८५१३३८३५३
(मार्केटिङ अफिसर) नवीन घले : ९८५१३३८३६९ (चितवन)
असोक बस्याल: ९८५५०८०८०५ (चितवन)
मनिष श्रेष्ठ: ९८५१३६०४७०
गोपाल गर्ती मगर: ९८५८०३५१८८

### पत्रचार गर्ने ठेगाना

synepal34@gmail.com    synepal.com

### हामी सँग सामाजिक सञ्जालमा जोडिन

facebook.com/sypanelnepal    instagram.com/sypanel.np
youtube.com/ sypanelnepal